*"नगर समृद्धिका आधार : शिक्षा, स्वास्थ्य, कृषि ,पर्यटन र पुर्वाधार "*

लमही नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय,लमही दाङ

चालु आर्थिक वर्ष २०७५/०७६ को

# नीति तथा कार्यक्रम

स्वीकृत मिति : २०७५/०३/१०

*"नगर समृद्धिका आधार : शिक्षा, स्वास्थ्य, कृषि ,पर्यटन र पुर्वाधार "*

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

१. लमही नगरपालीकाको यस सम्मानित सभालाई निर्वाचित भई सके पश्चात तेस्रो पटक सम्वोधन गर्न पाउँदा म गौरवान्वित भएको छु ।

२. स्थानीय तहको अपनत्व र अनुभुती सहितको संघीय लोकतान्त्रीक गणतन्त्र प्राप्तिको संघर्षमा जीवन उत्सर्ग गर्नु हुने महान शहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । राष्ट्र राष्ट्रियता, संघीय गणतान्त्रीक लोकतन्त्रको आन्दोलन र विभिन्न कालखण्डमा नागरिक हक अधिकार स्थापनाका लागि अगुवाई गर्नु हुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहित, जनआन्दोलनका घाईते, द्वन्द्व प्रभावित बेपत्ता व्यक्ति तथा परिवारहरुलाई स्मरण गर्दै हार्दिक सम्मान र सहानुभति प्रकट गर्न चाहान्छु ।

३. लमही नगर सरकार, नगरवासीहरुको सम्मानजनक सेवा सुख र समृद्धी का लागि लमही नगरबासीहरुले बनाएको स्थानीय सरकार हो । लमही नगरलाई **हाम्रो नगर, राम्रो नगर : खुशी नगरबासी, शुन्दर नगर** को रुपमा रुपान्तरण गर्ने अभिप्रायका साथ दिनु भएको अमूल्य मतको उच्च सम्मान गर्दै आर्थिक, सामाजिक र भौतिक विकासका लागि विगत १ वर्ष विच निरन्तर गतिशिलताका साथ कार्य सम्पादन गर्दै आई रहेको व्यहोरा सादर निवेदन गर्दछु ।

४. हामी नगर जन प्रतिनिधीहरुको १ वर्ष लमही नगरपालीकाको संरचनागत सुधार, जनशक्ति व्यवस्थापन, पूर्वाधार विकासको रेखांकन, नगरपालीका र नगरबासीहरुको विचको विश्वसनीय वातावरणको निर्माण, विकास र लगानीका लागि नयाँ गन्तव्यको पहिचान एवं प्राथमिकरणमा बढी खर्चीनु परेको व्यहोरा निवेदन गर्न चाहान्छु ।

५. निर्वाचित जन प्रतिनिधीहरुको नविनतम कार्य अनुभव, जनताका असिम आकाँक्षा र उपलब्ध सीमित श्रोत र साधनको महत्तम प्रयोग र परिचालनका लागि हाम्रो सिकाई, भोगाई र गराई विचको तादाम्यता स्मरणीय बनेको छ ।

६. नगर सरसफाई अभियानबाट प्लाष्टिकजन्य कप, गिलास र प्लेटको पूर्ण प्रतिवन्धमा भएको उपलब्धीले नगरको मुहार परिर्वतन भई राष्ट्रिय चिनारी स्थापीत गर्न सफल भएका छौ । राजस्व प्रशासनको सुदृढीकरणबाट चालु आ.व.मा प्रक्षेपीत राजस्व रु १ करोड ५० लाख बाट थप १०० प्रतिशत बृद्धी भई रु. ३ करोड संकलन गर्न सफल भएका छौ । यसका लागि जन प्रतिनीधी, कर्मचारी र करदाता सवैमा आभार एवं धन्यवाद प्रकट गर्न चाहान्छु ।

७. चालु आ.वको प्रारम्भमा साविक ३ वटा वडाबाट मात्र संचालन भई रहेका वडा कार्यालयहरु हाल ८ वटा कार्यालयहरु अलग अलग व्यवस्थापन सहित संचालनमा आएका छन् । सुशासनको प्रत्याभूतिको लागि विद्युतीय हाजिरी, CC क्यामेराको जडान, विद्युतीय सूचना वोर्ड, WEB SITE मार्फत सूचना प्रवाह, करिव सवै वडाहरुमा **INTERNATE** पद्धतीको व्यवस्थापन र आ.व.०७५।७६ का लागि एकीकृत सम्पत्ति कर तयारीको सवै वडाहरुमा पूर्ण व्यवस्थापन हाम्रा मापननीय उपलब्धीहरु रहेका छन् ।



प्रमुख
लमही नगरपालिका

८. विगत १ वर्षको चुनौतिपूर्ण यात्रा र यसको अनुभवले हामीलाई थप संवेदनशिल, बढी जागरुक र थप उत्तरदायी बनाएको अनुभुती भएको छ । हाम्रा आगामी दिन हरु थप परिमार्जित, गतिशील, बढी जिम्मेवार र जवाफदेही बन्दै नगरको सिमित श्रोत र साधन तथा नगरवासीको उच्च आकांक्षा विचको विवेकपूर्ण संयोजनबाट यस नगरलाई **हाम्रो नगर, राम्रो नगर : खुशी नगरबासी र शुन्दर नगर** को रुपमा रुपान्तरण गर्ने प्रतिवद्धता सहित आगामी आर्थिक वर्ष ०७५।०७६ को बार्षिक नीति तथा कार्यक्रम देहाय बमोजिम प्रस्तुत गर्न चाहान्छु ।

## लमही नगरपालीकाको दीगो विकासका क्षेत्र, नीति र प्राथमिकताहरु :

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

१. **शैक्षिक उन्नयन** : यस नगर क्षेत्रको शैक्षिक यात्रा गुणस्तरीय , विश्वाशीलो, जीवनउपयोगी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बौद्धिक बजारमा प्रतिस्पर्धी क्षमता विकासका लागि प्राविधिक जनशक्ति उत्पादन गर्ने आधारशिला निर्माण गर्ने दिशामा गतिशिल रहनेछ । नगरपालीका क्षेत्र भित्र दलित, अपांग तथा असहाय बालबालीकाहरुलाई छात्रवृत्ति लगायत अन्य सकारात्मक शैक्षिक वातावरण सृजना गरि शैक्षिक गुणस्तर सुधार गरिनेछ । विद्यार्थी संख्या न्युन भएका विद्यालयहरुलाई भौगोलिक र भौतिक पूर्वाधारहरुको अवस्थिति आंकलन गरी एक आपसमा स्थानान्तरण वा गाभ्ने नीति लिईने छ । वडापालीकाहरुको नेतृत्वदायी भूमिकामा नमुना योग्य कार्य सम्पादनका लागि सवै वडाका टोल टोलमा वालविकास केन्द्रहरुको स्थापना र स्तरोन्नती गरिने छ । विद्यालयको शैक्षिक वातारण, शिक्षक र विद्यार्थीहरुको उपस्थिती, अन्तर विद्यालय परीक्षा र परिक्षण पद्धती अवलम्वन गर्दै विद्यालयको भौतिक पूर्वाधारको अवस्थालाई परिणाममुखी परिवर्तनको अनुभुती र आभाष हुने गरी सुधार गर्दै गुणात्मक, मात्रात्मक तथा सकारात्मक हस्तक्षेपका विधी **(TOOLS OF POSITIVE INTERVENTION)** अवलम्वन गरी शैक्षिक उन्नयनको मार्ग प्रशस्त गरिनेछ ।

२. **नागरिकको आधारभूत स्वास्थ्यको प्रत्याभूति** : नेपालको संविधानको धारा ३५ ले आधारभूत स्वास्थ्यको लागि गरेको प्रत्याभुतिको मर्म अनुरुप नगरका सवै वडाहरुमा नगरस्वास्थ्य केन्द्रहरु विस्तार गरिने छ । लमही नगरपालीकाको दुर र दुर्गममा रहेका नगरस्वास्थ्य केन्द्रहरुबाट प्रदान गरिदै आएका सेवाहरुलाई विस्तार, सुदृढ, विश्वसनीय र गुणस्तरीय एवं नागरिक मैत्री बनाईने छ । नगरका स्वास्थ्य चौकीहरु र अन्य स्वास्थ्य केन्द्रबाट प्रदान गरिने स्वास्थ्य सेवालाई सुदृढ, विश्वसनीय एवं भरपर्दो बनाईने छ । लमही अस्पतालको आन्तरिक स्वास्थ्यलाई शुद्धिकरण, सुदृढ र सवलीकरण गरि, सामुहिक गतिशिलता **(GROUP DYANAMIC)** लाई प्रवर्द्धन गर्दै अस्पतालबाट प्रदान गरिने आकस्मीक, बहीरंग र अन्तरंग स्वास्थ्य सेवालाई थप सुदृढ गरिने छ । अस्पताल फार्मेसी, प्रयोगशाला, **Digital X Ray, Video X Ray** सेवा र प्रसुती सेवालाई २४ सै घण्टा विश्वसनीय र भरपर्दो रुपमा संचालनका लागि समन्वयात्मक व्यवस्थापन गरिनेछ । ***लमही अस्पताल परिसरमा सर्पदंश उपचार केन्द्र स्थापना तथा संचालनको लागि उचित प्रवन्ध गरिने छ।***

आ.व.०७४। ७५ देखि जेष्ठ नागरिक, मुक्त कमलरी, ५ वर्ष मुनिका बालबालीकाहरुलाई उपलब्ध गराउँदै आएको नि:शुल्क स्वास्थ्य सेवा कार्यक्रमलाई निरन्तरता दिदै ***आ.व.०७५।७६ मा लमही नगरपालीका क्षेत्रमा कार्यरत महीला स्वास्थ्य स्वयंसवेविकाहरुलाई समेत नि:शुल्क स्वास्थ्य सेवा उपलब्ध गराईनेछ*** । महिला स्वास्थ्य स्वयंसेविकाहरुले लमही नगरपालीका लगायत राष्ट्रिय स्तरमै स्वास्थ्य सेवाको स्तरोन्नतीमा गर्नु भएको योगदानको उच्च मूल्याँकन गर्दै लमही नगरपालीका क्षेत्रको प्राथमिक र प्रवर्द्धनात्मक स्वास्थ्य कार्यक्रमलाई अझ उचोमनोवलका साथ सम्पादन गर्न महिला स्वास्थ्य स्वयंसेविकाहरुको लागि उत्प्रेरणात्मक कार्यक्रम संचालन गरिनेछ । **लमही नगरक्षेत्रलाई अन्धोपनमुक्त नगर**को रुपमा रुपान्तरण गर्न विशेष कार्यक्रम अभियानका रुपमा संचालन गरिने छ ।

३. **कृषि, पशुपंक्षी तथा पशुसेवा कार्यक्रम :** राष्ट्रिय मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रको समग्र विकासका लागि विगत वर्षहरुका कार्यक्रमहरुलाई निरन्तरता दिईएको छ । नगरको पहाडी तथा भिरालो क्षेत्रलाई समेटी बर्षे एवं उच्चमूल्यका तरकारी र नगदे बाली उत्पादन, प्रवर्द्धन र बजारीकरण गर्न आवश्यक पहल गरिनेछ । कृषकहरुको आर्थिक सम्मुनति र कृषि क्षेत्रको सघन विकासको लागि **एक टोल एक उत्पादन कार्यक्रम**लाई प्राथमिकता दिईने छ । सहकारी र गैर सरकारी संस्थाहरु समेतको सहकार्यमा **बगर तरकारी खेती कार्यक्रम**लाई प्रवर्द्धन गर्दै लमही नगरलाई तरकारी उत्पादन केन्द्रको रुपमा विकास गरिने छ । राप्ती नदीमा प्राकृतिक रुपमै माछापालन व्यवसायलाई स्थापीत र प्रवर्द्धन गर्न आन्तरिक र वाह्य पर्यटनसंग आवद्ध गर्दै माछापालन व्यवसायको नविनतम सोच, शैली र गन्तव्यलाई उजागर गरिनेछ । च्याउ खेती पद्धती र प्रविधीको विकास र विस्तारका लागि प्रोत्साहन र प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिने छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मार्फत मकै जोन कार्यक्रम लाई विस्तार गर्दै उचित वजार व्यवस्थापन गर्ने नीति लिईने छ ।

४. **पशुपंन्छी पालक कृषकहरुको व्यावसायिक उद्यमशिल** मनोवृतिलाई साहसिक र गतिशिलता अभिबृद्धी गर्न प्राकृत्तिक प्रकोप व्यवस्थापन कोष मार्फत सम्वोधन गरिने छ । निजी तथा गैरसरकारी क्षेत्रको सहकार्यमा लमही नगर को उपयुक्त स्थलको पहिचान गरी **आधुनिक बधशालाको निर्माण** गरिनेछ । लमही नगर क्षेत्रमा व्यावसायिक रुपमा **स्थानीय** ***कुखुराको बधिया भाले उत्पादनका लागि किसान प्रोत्साहन कार्यक्रम*** संचालन गरि लमही नगरलाई **कुखुराको वधिया भाले उत्पादन गर्ने राष्ट्रिय चिनारीको रुपमा** स्थापित गरिने छ । लमही नगरका संभाव्य स्थानको पहिचान गरि बाखापालन पकेट क्षेत्रको रुपमा विकास गरिने छ । नगर क्षेत्रमा स्थानीय बहुसंख्यक कृषकहरुको आफ्नो व्यावसायिक कृयाकलापहरु सघन रुपमा परिचालन गर्न कृषक अनुदान कार्यक्रमलाई न्यायोचित र विश्वसनिय बनाउँदै थप विस्तारित रुपमा परिचालन गरिनेछ ।

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

५. **पूर्वाधार विकास : "नगरको प्रतिष्ठा र समृद्धीको आधार : दर्शनीय र स्मरणीय** (VISIBLE AND MEMORIABLE ) **पूर्वाधार' :** हामी निर्वाचित जनप्रतिनिधीहरु सधैका लागि होइन, सदैवका लागि बनौ । हाम्रा कर्महरु वर्तमान पुस्ताका लागि दर्शनीय **(VISIBLE)** र भावि सन्ततीका लागि स्मरणीय

**प्रमुख**
लमही नगरपालिका

**(MEMORIABLE)** बन्नु पर्छ । यही नीति, नैतिकता र आदर्शका साथ हाम्रा निर्देशित चुनावी मार्गदर्शन र बचन बद्धतालाई अटल राख्दै नगर क्षेत्रको समुचित, समानुपातिक र न्यायोचित विकास र विकासको न्यायचोति वितरणका लागि आगामी आर्थिक वर्षमा शितलापुर सम्म जाने कठिन मार्गलाई बाह्रै महिना यातायातका साधन आवागमन गर्ने गरी स्तरोन्नती गरिने छ । नगर क्षेत्रमा स्तरीकृत नमुनाबाटो **(MODEL ROAD)** को रुपममा न्युनतम मापदण्ड पुरा गरेका स्तरीकृत **ग्राभेल सडकलाई कालोपत्रे गरिनेछ** । निर्माणाधिन नगर क्षेत्रको चक्रपथको बाँकी विस्तृत अध्ययन प्रतिवेदन **(DPR)** तयार गर्ने कार्य सम्पन्न गरिनेछ । नगरको समग्र विकासको लागि अत्यावश्यक **नगर विकास गुरु योजना (MUNICIPAL MASTER DEVELOPMENT PLAN)** तयार गरिने छ । घरधुरी साख्यिकीकरण **(NUMBERING)** गरिने कार्य सम्पन्न गरिने छ । नगर विकास कोष **(TOWN DEVELOPMENT FUND)** लगायत दातृ निकायसंग सहकार्य गरी **बहुआयामिक व्यावसायिक भवन (MULTI DIMENTIONAL BUSINESS COMPLEX)** निर्माण कार्य अगाडी बढाईने छ । नगरपालीका बाटै आफ्नै समपुरक कोष **(MACTHING FUND)** को व्यवस्थापन गरि लागत सहभागिता (**नगरपालीकाको ७० र टोलवासीको३० प्रतिशत लगानी गर्ने सिद्धान्त**)को आधारमा टोल टोलका आन्तरिक मार्गहरु कालो पत्रे गर्ने कार्यलाई प्रोत्साहन गरिने छ ।

६. प्रदेश सरकार संगको समन्वयात्मक सहकार्यमा अर्जुन खोलामा बहुप्रतिक्षित उच्च वाँध निर्माण सम्वन्धी विस्तृत अध्ययन प्रतिवेदन र नगरका रणनैतिक महत्वका सड्कहरुलाई प्रदेश सरकारबाट उपलव्ध हुने समपुरक कोषसंगको सहकार्यमा निर्माण कार्यलाई अगाडी बढाईनेछ । नारायणपुर सिचाई प्रणालीलाई अर्जुनखोला उच्च वाँध **(HIGH DAM)** संग आवद्ध गर्दै सतवरिया र अमिलीया क्षेत्रको भूमीलाई सिचाई प्रणालीमा रुपान्तरण गरी **नेतृत्वदायी हरितक्रान्ती (LEADING GREEN REVOLUTION)** को विजारोपण गरिनेछ । नगरक्षेत्र भित्र उपयुक्त स्थलको पहिचान तथा छनौट गरि **सूचना तथा संचार प्रविधी पार्क (ICT PARK)** को संभाव्यता अध्ययन र निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडी बढाईनेछ ।

विगत वर्ष देखि नै वडापालीका स्तरबाटै स्विकारोक्ति सहितको सहभागितामुलक, स्वामित्वग्रहणीय एवं जवाफदेहीता सहितको भौतिक पूर्वाधार विकासको पद्धतीलाई आगामी वर्षमा सघन रुपमा कार्यान्वयन गर्दै लगिने छ ।

७. **आयोजनाहरुको संचालन व्यवस्थापन पद्धतीमा सुशासन** कायम गर्दै पारदर्शिता, जवाफदेहीता र गुणस्तरीयता, चुस्तता, सहज, परिणामुखि र प्रभावकारी रुपले संचालन र सम्पादन गर्न वडाका विभिन्न टोल टोलमा गठित टोल विकास संस्थाहरुलाई बढी अग्रसर, गतिशिल र जिम्मेवार बनाईने छ । सम्पादीत आयोजनाहरुको विश्वसनियता र गुणस्तरीयता अभिबृद्धी गर्न सार्वजनिक सुनुवाई, परिक्षण जस्ता विधीहरु अवलम्वन गर्दै सम्पादीत ठूला आयोजनाहरुको गुणस्तरीयता र विश्वसनियताको परिक्षणका लागि नगरका

प्रमुख
लमही नगरपालिका
४

*"नगर समृद्धिका आधार : शिक्षा, स्वास्थ्य, कृषि ,पर्यटन र पुर्वाधार "*

नमुना आयोजनाहरुमा **तेस्रो पक्ष मूल्याँकन ( THIRD PARTY EVALUATION)** पद्धती समेत अवलम्वन गरिने छ ।

८. **धार्मिक, सांस्कृतिक तथा प्राकृत्तिक सम्पादाको संरक्षण : पर्यटक, पर्यटकीय क्षेत्र र पर्यटन प्रवर्द्धन कार्यक्रम :** नगरपालीका क्षेत्रका विभिन्न वडा वडाहरुमा रहेका ऐतिहासिक महत्व बोकेका मठ, मन्दिर एवं धार्मिक, सास्कृतिक तथा प्राकृतिक सम्पदाहरु को संरक्षण र बहुआयामीक विकासको लागि उचित प्रवन्ध गरिने छ । चालु आ.व. मा सम्पादीत विस्तृत अध्ययन प्रतिवेदन समेतका आधारमा रिहार वगारबाबा र जखेरा क्षेत्रको बहुवर्षिय विकास अवधारणामा आधारीत रहेर समुचित विकास गरिनेछ । धर्म र संस्कृतिलाई पर्यापर्यटन संग आवद्ध गर्दै आन्तरिक र बाह्य पर्यटक को बसाई अवधीलाई लम्वाउने गरि **थारु संस्कृती, संस्कार र परिकारमा** आधारीत होमस्टे संचालन गर्नलाई प्रोत्साहन र योगदान गरीनेछ । स्थानीय उत्पादन, कला र संस्कृतिको प्रवर्द्धन गर्न लमही नगर क्षेत्रमा **कोशेली घर** संचालनका लागि थारु महिला उद्यमी समूहलाई अनुदान रकम उपलव्ध गराईने छ ।

९. **वन तथा वातारण संरक्षण** : नगर क्षेत्रको सामुदायिक वनलाई जीवन यापन पद्धती परिमार्जन गर्ने प्रविधीसंग आवद्ध गरिने छ । वनलाई वातारणीय संरक्षण, सन्तुलन र सम्वर्द्धनको प्रमुख आधारशिलको रुपमा लिई गैरसरकारी क्षेत्रसमेतको सहकार्यमा क्यामोमाईल, म्यान्था, तेजपात, र टिमुर जस्ता सुगन्धीत एवं उच्च मूल्यका मसलाबालीको उत्पादन क्षेत्रको रुपमा प्रयोग र प्रवर्द्धन गर्दै नगरबासीको आय आर्जन क्षमताको विकास गरिनेछ ।

१०. **खानेपानी र सिंचाईको अभाव आपूर्ति**को लागि भूमिगत जल उत्खनन् र विद्युतीय लिफ्टीङ प्रविधी अवलम्वन गरी आवश्यकतानुसार संभाव्यता अध्ययन र तत् सम्वन्धी ससाना आयोजनाहरु संचालन व्यवस्थापनका लागि आवश्यक प्रकृया थालनी गरिने छ ।

११. लमही नगरको उत्तरी उच्च पहाडी भूभागको सन्तुलीत वातावरणीय र पदमार्गको रमणीय र आनन्दीत दृश्यावलोकनको लाभ लिन आन्तरिक र बाह्य पर्यटकको संख्यात्मक र गुणात्मकता बृद्धी गरि **पर्यटकीय लाभ (TOURISM DIVIDEND)** हासिल गर्ने नीति लिईने छ । निजी तथा सहकारी क्षेत्रसमेतको सहकार्यमा उत्तरी पहाडी भूभागमा पैदलमार्ग **(TREKING ROUTE )** को विस्तार शिक्षा, स्वास्थ्य, अर्ग्यानिक कृषि, होटेल / कटेज प्रवर्द्धन सहित **पर्यटकीय क्षेत्रको संगमस्थल (CONNECTING POINT)** को रुपमा विकास गर्दै लैजाने नीति अख्तियार गरिनेछ ।

१२. **खेलकुद तथा युवा स्वरोजगार कार्यक्रम :** युवाहरुको बहुआयामिक विकास गर्न वडास्तरबाटै खेलकुद क्षेत्रको विकासको लागि विशेष कार्यक्रमहरु संचालन गरिने छ । **नगर स्तरीय मेयर ( क्रिकेट, फुटबल, भलिवल र व्याटमिन्टन) कपलाई** निरन्तरता दिईने छ । नगर क्षेत्र भित्र रहेको अन्तर्राष्ट्रिय क्रिकेट मैदानलाई प्रदेश सरकारको सहयोगमा आठौ राष्ट्रिय खेलकुद समेत आयोजना गर्ने गरि स्तरोन्नती गरिनेछ । जनसंख्याको लाभ **(POPULATION DIVIDEND)** लिनु पर्ने वर्तमान दशकमा पनि विदेशीरहेका युवा

प्रमुख
लमही नगरपालिका

शक्ति लाई स्वदेशमै रोजगार, स्वरोजगार र उद्यमशिल क्षमताको विकास गर्ने गरी **युवा स्वरोजगार सम्वन्धी विशेष सीप विकास  तालीम कार्यक्रम संचालन** गरिने छ ।

**१३.** बैदेशिक रोजगारीमा जानु पर्ने लमही नगरवासी युवा र यिनको घर परिवारहरुको विवशताको अन्त्य गर्न अदक्ष नेपाली कामदारले खाडी राष्ट्रमा पाउने न्यूनतम ज्याला को समदर बराबरकै दरमा लमही नगरपालीकाले आफ्नै नगर निर्माणको काममा काम गर्ने श्रमिकहरुलाई ज्याला दर उपलव्ध गराउने गरि विद्यमान लमही **नगरको न्युनतम दररेट निर्धारण सम्वन्धी कार्यवीधीलाई** संशोधन गरि **खाडी राष्ट्र नजाउ, गएका आउ र लमही नगर बनाऔं** भन्ने नारालाई अभियानको रुपमा संचालन गरिने छ ।

१४. सरसफाई तथा फोहोर व्यवस्थापन : **लमही नगर : पलाष्टिकमुक्त, सफा, स्वच्छ र हरित शहर ।**

लमही नगरलाई पलाष्टीक मुक्त शहरको रुपमा रुपान्तरण गर्न लमही नगरपालीकाले लिएको नीतिलाई तदारुकता साथ कार्यान्वयन गरिने छ । गल्ने र नगल्ने फोहोर को व्यवस्थापन अलग अलग गरि हस्तान्तरण गर्ने नगरवासीहरुको परिवर्तित व्यवहार र संस्कारलाई स्थायित्व दिन र अझ परिस्कृत गर्न गल्ने फोहोरबाट कम्पोष्ट मल उत्पादन, लेदोजन्य पदार्थको उचित व्यवस्थापन र फोहोर लाई उत्सर्जनमै घटाउने **(REDUCE),** पुनर्रप्रयोग **( REUSE)** तथा  पुनर्रउत्पादन (RECYCLE) गर्ने जस्ता प्रविधीगत नीति अवलम्वन गरी लमही नगरलाई पूर्ण सरसफाईयूक्त, पलाष्टीकमुक्त, हरियालीउन्मुख तथा स्वच्छ शहरको रुपमा विकास गर्दै लगिनेछ । वातावरण मैत्री वस्तुको उपयोगका लागि प्रकृत्ति प्रदत्त दुना, टपरी र माटोको गिलास, कप उत्पादन र प्रयोग लाई प्रोत्साहन र प्रवर्द्धन गर्न उद्यमी र उद्यमशिलतालाई विशेष अनुदान रकम उपलव्ध गराईने छ । नगरका मापदण्ड पुरा गरेका  नमुना योग्य सडकका दायाँ बायाँ प्रतिफलमुखी र हरियाली प्रवर्द्धन गर्ने खालका आँप, लिची, कटहर तथा अमलाका बोटहरु रोपी हरित नगरको अवधारणालाई अगाडी बनाईने छ । लमही नगर क्षेत्रको अव्यवस्थीत मोटर ग्यारेजको उपयुक्त स्थलको छनौट र स्थानान्तरण गरी लमही नगरको स्वच्छता र शुन्दरतालाई अझै अभिबृद्धी गरिने छ ।

१५. देउखुरी सामूदायिक  सेवा केन्द्रको सहकार्यमा लैगिक तथा घरेलु हिंसा नियन्त्रण, ट्राफिक व्यवस्थापन, नगरवासीहरुको सहभागितामा नगरक्षेत्र पूर्णसरसफाई कार्यक्रम, लागु औषध दुर्व्यसनी सचेतना कार्यक्रमहरु संचालन गरी सभ्य,  स्वस्थ एवं सवल नागरीक अभिबृद्धीमा जोड दिईने छ ।

१६. वडा वडा र टोल वस्ती स्तरमा योग साधना र शिक्षालाई आत्मसात गर्दै स्वस्थ, सभ्य र सुसंस्कृत नागरिक निर्माणमा जोड दिईने छ ।

१७. मुस्लिम समुदायको संस्कार र सांस्कृतिक भावनाको उच्च सम्मान गर्दै मदरसा भवन निर्माण र जातिय परम्परा अनुसार मृत्यू संस्कारका लागि अत्यावश्यक अन्त्यष्टी स्थलको उचित प्रवन्ध गरिने छ ।

**१८.** विगत वर्षहरुमा झैं  नगरका दुर र दुर्गम स्थानहरुमा विद्युतीकरण गर्ने कार्यक्रमलाई निरन्तरता दिईने छ ।

**प्रमुख**
लमही नगरपालिका

*"नगर समृद्धिका आधार : शिक्षा, स्वास्थ्य, कृषि ,पर्यटन र पुर्वाधार "*

**आदरणीय नगर सभाका सदस्यज्यूहरु,**

१९. अपाङ्गता भएका तथा अन्य लक्षित वर्गहरुलाई लक्षित गरी सचेतनामुलक, स्वरोजगार तथा व्यावसायिक सिपमुलक तालीम कार्यक्रमहरु संचालन गरिनेछ ।

२०. जेष्ठ नागरिक, बालबालीका तथा महीला लक्षित कार्यक्रमहरु सामाजिक संघ संस्थाहरु र गैर सरकारी एवं निजी क्षेत्रका सेवा प्रदायक संस्थाहरु संग सहकार्य गरि संचालन व्यवस्थापन गरिनेछ

२१. ***स्वच्छ, निर्भय र निष्पक्ष पत्रकारीताको लागि पत्रकार, पत्रकारीता र संचार क्षेत्रको विकास*** । प्रस्तुत नारालाई मुलमन्त्रको रुपमा अंगीकार गर्दै लमही नगरपालीका संचार क्षेत्रको विकासका लागि प्रतिवद्ध रहेको छ । आगामी आ.व. ०७५।०७६ मा संचार क्षेत्रको सन्तुलित र समानुपातिक विकासका लागि समानुपातीक विज्ञापन वितरण नीति अवलम्वन गरिने छ । सुदृढ र गुणस्तरीय पत्रकारीता को लागि क्षमता विकास कार्यक्रम संचालन गरिनेछ । महिला पत्रकारहरुको दक्षता अभिबृद्धीका लागि पत्रकारहरुको छाता संगठन संग सम्वन्वय गरि क्षमता विकास तालीम कार्यक्रम संचालन गरिने छ । पत्रकार महासंघ, दाड. शाखासंगको सहकार्यमा सूचना केन्द्रलाई थप व्यवस्थित गरिने छ ।

२२. **सहकारी, निजी तथा स्थानीय सरकारको सह यात्रा** : समाजमा छरिएर रहेको उद्यमशिल क्षमता र वैयक्तिक पूजिलाई सामाजिक र आर्थिक पूजिको रुपमा प्रयोग, प्रोत्साहन र प्रवर्द्धन गर्न सहकारी क्षेत्रको सघन विकासका लागि विशेष कार्यक्रम संचालन गरिने छन् । स्वरोजगारमुलक उद्योग र हस्तकलाका उद्यमीहरुलाई प्रोत्साहन गर्न स्थानीय श्रोत र साधनको उपयोग गरी सोको व्यावसायिक उत्पादन र बजारीकरण गर्न आवश्यक उत्प्रेरणात्मक कार्यक्रम संचालन गरिने छ । उद्योग व्यवसायीहरुको छाता संगठन संगको समन्वयात्मक सहकार्यबाट करको दर र दायरालाई विश्वसनीय, दिगो, फराकीलो, उत्साहप्रद, स्वेच्छिक, चुस्त र सरलीकृत गर्दै लगिने छ । नगरपालीकाको आन्तरिक आयको मेरुदण्डको रुपमा रहेको निजी क्षेत्रको योगदानलाई उच्च सम्मान प्रकट गर्दै निजी क्षेत्रको छाता संगठनको आत्मसम्मानमा अभिवृद्धी हुने गरि बजेट तथा कार्यक्रम मार्फत विशेष सम्वोधन गर्दै ***लमही नगर निर्माण अभियान*** ***(MISSION TO LAMAHI MUNICIPAL BUILDING)*** को नारालाई घनिभुत बनाउँदै लगिनेछ ।

२३. **सामाजिक पूजि परिचालन र निर्माणको लागि विकास साझेदार** : यस नगर र नगरवासीहरुको आवश्यकता र उच्च प्राथमिकतालाई केन्द्रीत गरि अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरुसंग सहकार्य गरी यस नगरक्षेत्रको विकास निर्माण कार्यलाई तिव्रता दिईनेछ । आगामी आ.व.०७५।०७६ देखि गैर सरकारी संस्थाहरुलाई नगर क्षेत्र भित्र कार्यक्रम पहिचान, छनौट र प्राथमिकीकरण गर्दा **स्थानीय सरकारको पूर्व स्वीकृती, सहभागिता र स्वामीत्वलाई आधारभूत सह सम्वन्धको** रुपमा स्थापीत गरिनेछ । विकास साझेदारहरुले नगर क्षेत्रमा सम्पादन गरिने **बजेट तथा कार्यक्रम खर्च को कम्तिमा** ५० प्रतिशत रकम सम्वन्धित क्षेत्रको पूर्वाधार विकासमा लगानी गरिने नीति अख्तियार गरिनेछ ।

प्रमुख
लमही नगरपालिका

२४. **सुशासन सहितको गतिशिल कर्मचारी व्यवस्थापन** : नगरपालीकाको स्विकृत नीति, बजेट र कार्यक्रमको पूर्ण परिचालन, समयवद्ध कार्यान्वयन र नतिजामुखि परिणाम दिनका लागि स्वच्छ, प्रतिस्पर्धी, उच्च मनोवलयुक्त जनशक्ति अत्यावश्यक पर्दछ । जन, मन, माटो र मष्तिष्को सम्मिश्रणबाट नगरको दीर्घकालीन सोच र अभियानलाई सार्थक रुपमा रुपान्तरण गर्न अविचलीत र कर्तव्य प्रति समर्पित जनशक्ति चाहिन्छ । त्यसैले कार्यालय, कार्यसम्पादन प्रकृया र पद्धतीलाई आत्मसाथ गर्दै अझै उच्च मनोवका साथ गतिशिल रहने प्रेरणादायी मन निःसृत गर्न कर्मचारीहरुको क्षमता विकास, अध्ययन अवलोकन भ्रमण, विषयगत पूर्नरताजगी तालीम र कार्य प्रेरणा प्रोत्साहन कोष **(FUNCTIONAL MOTIVATION FUND)** को व्यवस्था गरी कर्मचारीलाई **जनशक्तिको रुपमा र जनशक्तिको रुपमा रहेका कर्मचारीलाई मनशक्तिको रुपमा रुपान्तरण गरिनेछ** ।

सवै वडा कार्यालयहरुमा विद्युतीय हाजिरी र ईन्टरनेट पद्धती व्यवस्थापन गरी प्रशासनिक नियमन पद्धती लाई सुदृढ गरिने छ । कर्मचारी आचारसंहिता, अनुशासन, सदाचारीता, नियमितता, समय परिपालना गर्ने विषयमा शुन्य सहनशिलता **( ZERO TOLERANCE)** को नीति अख्तियार गरिनेछ । यसबाट कर्मचारी वृतमा कार्यसम्पादन प्रकृया, पद्धती, उतरदायित्व र जवाफदेहीतामा बृद्धी भई सुशानको ( **GOOD GOVERNANCE**) प्रत्याभुति गरिने छ ।

२५. **लमही नगर निर्माण अभियान ( MISSION TO LAMAHI MUNICIPAL BUILDING) का लागि सुदृढ कर प्रशासन** : प्रशासनलाई समयसापेक्ष, चुस्त र गतिशिल बनाई राख्न स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम आ.व. २०७५।७६ देखि एकीकृत सम्पत्तिकर लागु गरिनेछ । देउखुरी उद्योग बाणिज्य संघ समेतको सहकार्यमा **कोही करदाता नछुटुन, कोही नदोहोरिउन** भन्ने नीति अख्तियार गर्दै कर प्रशासनलाई नियमन र व्यवस्थापन गर्ने पद्धती र प्रयासलाई प्रभावकारी बनाईने छ । टोल विकास संस्था र उपभोक्ता समितिले सम्पादन गर्ने विकास निर्माणका कार्यमा आवद्ध हुने सवै उद्योगी, उद्यमी, व्यापारी, व्यवसायीहरु आ-आफ्ना व्यसायहरु नगरपालीकाबाट इजाजत लिएर मात्र गर्नु गराउनु पर्ने नीति अख्तियार गरिने छ ।

अन्त्यमा, यस नगर निर्माण अभियान **( MISSION TO LAMAHI MUNICIPAL BUILDING )** मा उच्च सदभाव राख्नु हुने र महत्वपूर्ण सुझाव र सल्लाह दिनु हुने, प्रत्यक्ष र परोक्षरुपमा यस अभियानमा जुटनु हुने सवै नगरवासी, नेतृत्व तह, विद्धत वर्ग, उद्योगपती, व्यवसायी, व्यापारी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरु, स्थानीय सामाजिक संघ संस्थाहरु, आदरणीय संचारकर्मी र संचारजगत, नगरका जटिल, सरल र असल मनहरुलाई हृदयदेखि नै कृतज्ञता एवं आभार प्रकट गर्दै हार्दिक धन्यवाद दिन चाहान्छु

**धन्यवाद ।**

**कुलबहादुर के.सी.**
प्रमुख (लमही नगरपालीका, लमही, दाङ

प्रमुख
लमही नगरपालिका